फोन नं. ०७८-५०६००१
०७८-५०६००६

# सुस्ता गाउँपालिका
SUSTA RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कुडिया, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम), प्रदेश नं. ५, नेपाल
Kudiya, Nawalparasi (Bardaghat, Susta Paschim), Province No. 5, Nepal

## विपन्न आवास कार्यक्रम

सुचना प्रकाशन मिति २०७८।०८।०१

संघिय सरकारको विशेष अनुदान अन्तरगत आवास भवन निर्माणको लागि प्राप्त अनुदान रकम बाट आर्थिक रुपले अति विपन्न तथा लोपोन्मुख समुदायका नेपाली नागरिकहरुको आवास निर्माण गर्ने कार्यक्रम रहेको हुदा यस गाउँपालिकाको वडा न. १,२,३,४ र ५ ( सुस्ता गाउँ बाहेक) मा स्थायी रुपमा बसोबास गर्ने नागरिकहरु मध्यबाट लाभग्राहिहरु छनौटको कार्य अगाडी बढाउने प्रयोजनका लागि सम्भावित लाभग्राहीहरुको निबेदन संकलन गर्ने उदेश्यले यो सुचना प्रकाशन गरिएको छ । गाउँपालिका बाट स्वीकृत डिजाईन र स्पेशिफिकेशन तथा प्रदेश न. ५ , जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७५ मा रहेको प्रावधानको पालना गरी घर निर्माण गर्न ईच्छुक अति विपन्न, दलित, विपन्न मुसलमान, लोपोन्मुख तथा अति सिमान्तकृत जाति तथा समुदायका विपन्न बर्गहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलका कागजातहरु सहित वडा/गाउँकार्यपालिकाको कार्यालय बाट नि:शुल्क रुपमा प्राप्त हुने निबेदन फाराम भरी वडा/गाउँकार्यपालिकामा बुझाउनु हुन जानकारी गराइन्छ । तोकिएको म्याद भित्र निबेदन नबुझाए वा झुठ्ठा विवरण/नक्कली प्रमाण पेश गरेको कारणले उक्त सुविधाबाट बञ्चित हुन गएमा कार्यालय जवाफदेही हुने छैन । म्याद भित्र दर्ता हुन आएका निबेदकहरुको घरको हालको भौतिक अवस्थाको कार्यालयबाट निरिक्षण गरी सोही आधारमा गाउँपालिकाले ७१ जना लाभग्राही छनौट गर्ने समेत जानकारी गराईन्छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१) निबेदक वा घरमुलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा विगत देखि त्यस स्थानमा आवास/ स्थायी बसोबास गर्दै आएको भनि सम्वन्धित वडा कार्यालयको सिफारिस ।
३) हाल बसोबास गरेको घरको घरमुली सहितदेखिने गरी खिचिएको फोटो ।
४) एकाघर भई छुट्टिएको घर धुरीले आवेदन फाराम साथ अनिवार्य अंशबण्डा/छुट्टिएको प्रमाण/सिफारिस कागजात ।
५) घरमुली अति विपन्न/अशक्त/बृद्धबृद्धा/अनाथ बालबालिका/एकल महिला भए प्रमाण खुल्ने कागजात ।
६) अति विपन्न/दलित/अति सिमान्तकृत/लोपोन्मुख/विपन्न मुसलमान आदी कुन बर्गमा पर्छ प्रमाण खुल्ने कागजात ।

सुरेन्द्र प्रसाद बस्याल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत